सम्पर्क न.
प्रमुख प्रशासकीय अधिकृत ०९१-५६०११८
दमकल ०९१-५६०४९९

# टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## टीकापुर, कैलाली
## सुदूरपश्चिम प्रदेश, नेपाल

## सहकारी संस्थाका ऋणी शेयर सदस्यहरुले ऋण भुक्तान गर्ने सम्बन्धी सूचना ।

**(प्रकाशित मिति :- २०८२/०३/०२)**

यस टीकापुर नगरपालिकाको नियमन क्षेत्र भित्र रहेका केही सहकारी संस्थाहरुवाट सदस्यहरुले ऋण लिई तोकेको समय भित्र ऋणको साँवा व्याज भुक्तान नगर्ने गरेको र सदस्यहरुलाई संस्थाले पटक पटक ऋण चुक्ताको लागि ताकेता गर्दा पनि अटेर गरी ऋणको साँवा, व्याज नतिरेको कारण संस्थाहरुलाई बचतकर्ताको /शेयर सदस्यहरुको रकम फिर्ता गर्न समस्या परेको भन्ने व्यहोराको निवेदन यस कार्यालयमा प्राप्त हुन आएको विषयमा यस नगरपालिकाको ध्यानाकर्षण भएको छ ।

तत् सम्बन्धमा सहकारी संस्थामा सदस्यहरुले गरेको बचत रकम कर्जाको रुपमा सदस्यहरुलाई प्रवाह हुने भएको तथा ऋणीहरुले समयमानै कर्जा भुक्तान नगर्दा सहकारी प्रति आम नागरिकको धारणामा परिवर्तन आउने तथा विश्वास घट्ने जस्ता समस्याहरु बढ्ने भएकोले समयमानै ऋण भुक्तान गर्नु प्रत्येक ऋणी सदस्यहरुको कर्तव्य हुन जान्छ । साथै सहकारी ऐन, २०७४ को दफा ७९, सहकारी नियमावली २०७५ को नियम ३०, सुदुरपश्चिम प्रदेश सहकारी ऐन,२०७५ को दफा ६६, सुदुरपश्चिम प्रदेश सहकारी नियमावली, २०७६ को नियम १९ र टीकापुर नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा ५८ तथा नियमावली, २०७६ को नियम २७ मा सहकारी संस्थाले ऋण असुल गर्ने व्यवस्था रहेको हुँदा सम्पुर्ण सहकारी संस्थाहरुले प्रचलित ऐनमा व्यवस्था भए बमोजिम ऋण असुल गर्न हुन र ऋणी सदस्यहरुले तोकिएको समयमानै सहकारी संस्थाको ऋण भुक्तान गर्नुहुन सूचित गरिन्छ । सहकारी संस्थाका ऋणी सदस्यहरु कसैले पनि प्रचलित कानून बमोजिम ऋण नतिरेको खण्डमा उन्मुक्ती नपाउने भएको हुँदा जिम्मेवार शेयर सदस्यको रुपमा आफुले लिएको सहकारी संस्थाको ऋण समयमानै चुक्ता गर्न हुन सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

..............................................
रविन्द्र प्रसाद चौधरी
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत